धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र


| खण्डः ४ | संख्याः १८ | मितिः २०७७/१०/२९ |
|---|---|---|


## भाग-२

**धनगढी उप महानगरपालिका**

# बालसंरक्षण निर्देशिका, २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।२९**
**राजपत्रमा प्रकाशन मितिः २०७७।११।०२**

<u>प्रस्तावना</u>: बालबालिकाविरुद्ध हुने सबै प्रकारका हानि वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिका विरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेक्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरू लगायत बाल बिवाह र निकृष्ट प्रकारको बालश्रमले बालबालिकामा तत्कालीन र दीर्घकालीन हानि पुग्दछ । बाल अभिकारको सुनिश्चित गर्दै बालबालिका माथि हुने सबै प्रकारका हानिकारक कार्यबाट बालबालिकाको संरक्षण गरि

धनगढी उप-महानगरपालिका राजपत्र

बालमैत्री बातावरणको सृजना गर्न यो बालसंरक्षण निर्देशिका तर्जुमा गरि बालबालिकाको संरक्षण गर्न बालसंरक्षण कार्यमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, धनगढी उपमहानगरपालिकाको प्रशासनीक कार्यविधि(नियमित गर्ने) ऐन,२०७७ को दफा ४ बमोजिम र स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगरकार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो निर्देशिका लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यस निर्देशिकाको नाम धनगढी उपमहानगरपालिकाको बाल संरक्षण निर्देशिका .२०७७. रहेको छ ।

ख) यो निर्देशिका धनगढी उप-महानगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाष :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पुरा नभएका बालबालिका सम्झनुपर्छ ।

ख) “उपप्रमुख” भन्नले नगरपलिकाको उपप्रमुख सम्झनु पर्छ ।

ग) “कार्यपालिका” भन्नाले नगरकार्यपालिका सम्झनुपर्छ ।

घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

ङ) “प्रमुख” भन्नाले नगरपलिकाको प्रमुख सम्झनु पर्छ ।

च) “वडा कार्यलय” भन्नाले नगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ

छ) “समिति” भन्नाले स्थानिय तहमा बाल अधिकार संरक्षण तथा प्रर्वद्धन गर्न गठित वडा बाल संरक्षण समिति नगर बाल संरक्षण समितिलाई सम्झनु पर्छ ।

ज) “नगरपालिका वा उप-महानगरपालिका” भन्नले धनगढी उप-महानगरपालिका भन्ने सम्झनु पर्छ ।

झ) “स्थानिय स्तर” भन्नाले धनगढी उपमहानगरपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

(ञ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्य

३ . यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(१) जोखिममा रहेका बालबालिका तथा परिवार पहिचान गरी जोखिम न्यूनीकरण तथा तुरुन्त समस्या सम्बोधनका लागि सहयोग तथा कार्य व्यवस्थापन गर्ने।

(२) कुनै बालबालिका माथि बालसंरक्षण सम्बन्धी कुनै समस्या उत्पन्न भएमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै सम्बन्धित बालबालिका तथा परिवारलाई विशिष्टीकृत सेवा तथा घटनाको व्यवस्थापन जस्ता समग्र कार्यहरू पर्दछन् ।

धनगढी उपमहानगरपालिका राजपत्र

(३) बालबालिकाको संरक्षणका लागि उनीहरूलाई हानी पुऱ्याउने सम्भावित जोखिम के के हुन सक्छन्, ती जोखिम कसरी आइपर्छन्, विभिन्न उमेर समूह, लिङ्ग तथा विभिन्न सामाजिक अवस्था वा परिस्थितिमा रहेका बालबालिकालाई कस्तो असर पार्दछ भन्नेबारे सचेत रही त्यस्ता अवस्थाको रोकथाम गर्न, जोखिमलाई न्यूनीकरण गर्न र सम्बन्धित बालबालिका तथा परिवारलाई सहयोग गर्नको लागि स्थानीय तहको विशेष भूमिका रहने छ ।

४) स्थानिय तहमा नगर तथा वडा स्तरमा बालसंरक्षण समितिको गठन गरि बालअधिकारको संरक्षण, संम्वर्दन र प्रवर्द्धन गरि बालसंरक्षण प्रणालीलाई प्रभावकारी बनाउने ।

५) घरपरिवार,समुदायमा बालअधिकार सुनिश्चित गरि बालमैत्री बातावरण सृजना गरी बालमैत्री नगर निर्माणमा सहयोग गर्ने ।

६) स्थानिय तह,संघ संस्था तथा बिभिन्न निकायमा कार्यरत एबं निर्वाचित पदाधिकारीहरुले बालबालिकाको सर्वेत्महितमा केन्दीत भई बालसुलभ व्यवहार गर्नका साथै बालबालिकालाई कुनै पनि किसमको अनुचित प्रयोग नगर्ने ।

७) विशेष संरक्षणको आवश्यकतामा रहेका बालबालिकाको पहिचान गरि उनिहरुको हकहित संरक्षणका लागि अल्पकालिन तथा दीर्घकालिन नीति , रणनीति,योजना तथा कार्यक्रम तर्जुमा गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

८) बालकोषको स्थापना गरि संचालन गर्ने ।

९) बालसंरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्यगर्ने गराउने ।

१०) परम्परागत हानीकारक अभ्यासहरु उमेर नपुग्दै विबाह गर्ने, अर्काको घरमा काम गर्न पठाउने, बालबालिकालाई महिनावारीको अबस्थामा बिभेद गर्ने खालका बिषयलाई नगरस्तरबाट हटाउन पहल गर्ने गराउने ।

**४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका**

सबै बालबालिकालाई संरक्षण पाउने अधिकार छ । तर निम्न बमोजिमका बालबालिका भने तुलनात्मक रूपमा बढी जोखिममा रहने हुँदा विशेष संरक्षण तथा सहयोगको आवश्यकता पर्दछ ।

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानुनी विवादमा परेका बालबालिका मध्ये दिशान्तरण प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,



धनगढी उप-महानगरपालिका राजपत्र

(च) जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिकाविरुद्धको हिंसा वा बालयौनदूर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकिएका अन्य बालबालिका ।

(ड) बालबालिकालाई उनिहरुको पारिवारीक आर्थिक कमजोरीको अनुचित लाभ लिई बालबालिकालाई घरेलु,कृषिकार्य वा अन्य व्यवसायमा बालश्रमिकको रुपमा गरेका बालबालिका ।

(ढ) कामजोर, अवस्थामा रहेका र अभिभावकहरुको सचेतानको कमि, अशिक्षा आदिका कारणले परिस्थितिको लाभलिन बालबालिकालाई विभिन्न प्रकृतिको शोषण गर्नु

(ण) आमाबाबु वा संरक्षक दयनिय अवस्थामा रहेका बालबालिका ।

## परिच्छेद-३
## नगर बाल संरक्षण समितिको गठन

**५. नगर बाल संरक्षण समितिको गठन :**

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप प्रमुख | उप संयोजक |
| ग) वडा अध्यक्षहरु | सदस्य |
| घ) समितिले तोकेको माध्यमिक विद्यालयको को प्र.अ. | सदस्य |
| ङ)महिला, आमा समुह, स्वास्थ्य स्वयंमसेविकाको नगरस्तरिय समितिको अध्यक्ष | सदस्य |
| च)नगरपालिकाले तोकेको महिला कार्यकर्ता मध्ये एक जनासदस्य | |
| छ) बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि | सदस्य |
| ज) नगरस्तरिय बालसंजालको अध्यक्ष | सदस्य |



छत्रपाटी रुप-नगरपालिका राजपत्र

झ) नगरस्तरिय अपाङ्गता समितिको अध्यक्ष वा प्रतिनिधि सदस्य
ञ) बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्था, पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्श, होटल ब्यबसायी संघ, निर्माण ब्यबसायी संघको प्रमुख एवं प्रतिनिधी मध्येबाट एक एक जना सदस्य
ट) आदिवासी,जनजाति,अल्पसंख्यक,दलित तथा पिछडिएका वर्ग र समुदायका यथा सम्भव प्रतिनिधित्व हुने गरि समितिले तोकेको ३ जना सदस्य
ठ) प्रहरी कार्यालय /इलाका प्रहरी कार्यालय प्रमुह वा प्रतिनिधि सदस्य
ड) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य
ढ स्वास्थ्य शाखा/ शिक्षा शाखा को प्रमुख एक एक जना सदस्य
ण) महिला बालबालिका इकाइ/शाखा प्रमुख सदस्य
त) समुदायिक विकास साखाको प्रमुख सदस्य सचिव

**६. नगर बाल संरक्षण समितिको समितिको काम,कर्तव्य र अधिकार :**

१. नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्लन गर्ने,अद्यावधिक गर्ने गराउने ।
२. नगरपालिकामा बालबालिकाका क्षेत्रमा कार्यरत संघसंस्था,बाल क्लव ,मञ्च/समुह,बाल संरक्षण समिति ,लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसंग आवस्यक समन्वय र सहकार्य गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
३. बालबाबलिकाका क्षेत्रमा स्थानिय आवश्यकता पहिचान गरि स्थानियतहका विभिन्न निकायहरु ,विकास साझेदार संस्थासंगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने ,बालबालिकासंग सम्वन्धीत कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने ,बालबालिकासंग सम्वन्धीत कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने ।
४. बालअधिकारको संरक्षण र संम्वर्द्धनका लागि चेतना अभिवृद्धि गर्ने ।
५. स्थानिय संघ/संस्थाहरुलाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेति गर्ने । कार्यक्रमको सञ्चालन गर्नका लागि आवश्यक परामर्श,सुझाव तथा निर्देशन दिने ।
६. बालअधिकार हनन्का सम्वन्धमा आएका उजुरीहरुलाई सम्वन्धीत निकायमा सिफरिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह गर्ने।
७. आवश्यकताअनुरसार बाबालिकाका निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने ,बालसंरक्षण कोषको स्थापना तथा परिचालन गर्ने ।
८. बालसंरक्षणका विषयमा वकालत गर्ने र स्थानिततहमा बालसंरक्षणमा प्रभावकारीता ल्याउन मद्दत गर्ने ।
९. नगरबाल संरक्षण समितिले बालबालिकासम्वन्धी सम्पन्न गरेका कार्यक्रम कार्यान्वयनको प्रगति नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने ।
१०. जोखिममा परेका तथा पर्न सक्नेबालबालिकाको संभावित अध्ययन, घटना व्यव्स्थापनलाई प्रभावकारि बनाउने ।

११. वडा तथा समुदाय बालसंरक्षण समितिको गठन गरि वडास्तरमा बालसंरक्षण प्रणालीलाई प्रभावकारि वनाउने ।
१२. बालसंरक्षण सम्वन्धी सम्पुर्ण कार्यको अनुगमन तथा मुल्याकंन गरि कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।
१३. गाउँपालिका /नगरपालिकामा बालबालिकाको स्थिति प्रतिवेदन बार्षिक रुपमा तयार पारि प्रकाशन गर्ने ।
१४. वडा तथा समुदायस्तरमा गठित बालसंरक्षण समितिलाई आवश्यक निर्देशन दिने ।
१५. बिशेष प्रकृतिका बालबालिकाहरुको लागि बिशेष कार्यक्रमको लागि पहल गर्ने ।
१६. बालमैत्री भौतिक संरचना निर्माणको लागि पहल गर्ने ।

## परिच्छेद-४

## वडा बाल संरक्षण समितिको गठन

**७. वडा बाल संरक्षण समितिको गठन :**

वडास्तरीय बालसंरक्षण समितिको गठन देहाय बमोजिम हुनेछ

| | |
|---|---|
| क) नगरपालिकाको सम्वन्धीत वडाको अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु | सदस्य |
| ग) वडा समितिले तोकेको वडामा रहेको माथिल्लो तहको विद्यालयको प्र.अ. | सदस्य |
| घ)महिला स्वास्थ्य स्वयंसेविकाको वडा स्तरिय अध्यक्ष | सदस्य |
| ङ) वडा समितिले तोकेको महिला कार्यकर्ता | सदस्य |
| च) सम्वन्धीत वडाको बालअधिकार कर्मी वा नागरिक समाजको प्रतिनिधि | सदस्य |
| छ) वडास्तरिय बाल संजालको अध्यक्ष | सदस्य |
| ज) वडास्तरिय अपाङ्गता समितिको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| झ) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायका प्रतिनिधित्व हुने गरि वडा समितिले तोकेको ३ जना | सदस्य |
| ञ) इलाका प्रहरी कार्यालय/प्रहरी | सदस्य |
| ट) वडा भित्र बालबालिकाको क्षेत्रमा कार्य गर्ने गै.स.स.बाट प्रमुख तथा प्रतिनिधी एक जना | सदस्य |
| ठ) वडा सचिव | सदस्य सचिव |

धनगढी उपमहानगरपालिका राजपत्र

**८.वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार :**

१. सम्बन्धितवडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्लन गर्ने,अद्यावधिक गर्ने गराउने ।

२. वडामा बालबालिकाका क्षेत्रमा कार्यरत संघसंस्था,बाल क्लव ,मञ्च/समुह, समुदायिक बाल संरक्षण समिति , लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसंग आवस्यक समन्वय र सहकार्य गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

३. बालबाबलिकाका क्षेत्रमा स्थानिय आवश्यकता पहिचान गरि विभिन्न निकायहरुसंगको समन्वयमा योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

४. बालअधिकारको संरक्षण र संम्वर्द्धनका निमित्त परिवार,समुदायमा चेतना अभिवृद्धि गर्ने ।

५. समुदायिक संघ/संस्थाहरुलाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेति गर्ने ।

६. बालअधिकार हनन् उल्लंघनका सम्वन्धमा आएका उजुरीहरुलाई सम्वन्धीत निकायमा सिफरिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह गरिदिने । यस्ता घटनाहरुको घटना अध्ययन एवं अध्यावधिक गर्ने ।

७. जोखिममा रहेका बालबालिकाहरुलाई आकस्मिक सहयोग प्रदान गर्ने यसका लागि वडा बालसंरक्षण कोषको स्थापना तथा परिचालन गर्ने ।

८. बाल संरक्षणका विषयमा वकालत गर्ने र वडामा तहमा बालसंरक्षणमा प्रभावकारी ल्याउन मद्दत गर्ने।

९. नगरपालिकामा बालबालिका सम्वन्धी सम्पन्न कार्यक्रमको प्रगति पेश गर्ने ।

१०. जोखिममा परेका तथा पर्न सकनेबालबालिकाको संभावित अध्ययन, घटना व्यवस्थापनलाई प्रभावकारि बनाउने ।

११. समुदाय स्तरमा संघसंस्थाहरुको समन्वयमा समुदायिक बालसंरक्षण समितिको, विद्यालयस्तिरिय बालसंरक्षण समिति गठन गरि वडास्तरमा बालसंरक्षण प्रणालीलाई प्रभावकारि वनाउने ।

१२. बालसंरक्षण सम्वन्धी वडास्तरिय कार्यको अनुगमन तथा मुल्याकंन गरि वडा कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

१३. वडास्तरिय बालबालिकाको स्थिति प्रतिवेदन बार्षिक रुपमा तयार पारि प्रकाशन गर्ने ।

१४.वडा भित्र रहेका बालबालिका बिरुद्ध हुने परम्परागत हानीकारक अभ्यासहरु जस्तै, बाल बिवाह, बाल दुर्व्यबहार, बालश्रमका लागि भारत (देश) पठाउने, बालश्रममा अर्काको घर पठाउने जस्ता क्रियाकलापहरुको अनुगमन गरी त्यस्ता कार्यहरु गर्न गराउन निरुत्साहित गरी बालमैत्री वडा बनाउन पहल गर्ने ।

**९. समुदाय तथा विद्यालय स्तरमा बाल संरक्षण समिति गठन गर्न सकिने :**

समुदायस्तरमा बाल अधिकारको संरक्षण,संम्वर्द्धन तथा प्रवर्द्धन गर्न स्थानियतहको समन्वयमा समुदाय र विद्यालयहरुमा बालसंरक्षण समिति गठन गर्न सकिनेछ । यस कार्यका लागि बालक्लव,विद्यार्थी शिक्षक, अभिभावक,संघसंस्थाहरुलाई स्थानियतहले सहजिकरण गर्नेछ । सामुदयिक बाल संक्षरण समितिहरुको काम कर्तव्य र अधिकार सम्वन्धीत स्थानियतहले तोके बमोजिम हुने छ ।

# परिच्छेद-५

## विविध

**१०.बाधा अड्चन फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेको खण्डमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**११.परिमार्जन तथा संशोधनः** कार्यविधिलाई आवश्कता अनुसार नगरकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**आज्ञाले,**

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**